# लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी, विषय विज्ञ वा दक्षको आचारसंहिता, २०८३

**प्रस्तावनाः** लोक सेवा आयोगको काम कारवाहीलाई स्वच्छ, निष्पक्ष, प्रभावकारी एवम् वस्तुनिष्ठ बनाई सुशासनको मूल्य र मान्यतालाई प्रवर्द्धन गर्ने आयोगका पदाधिकारी, कर्मचारी, विषय विज्ञ वा दक्षको पदीय तथा पेशागत आचरणका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २३ को उपदफा (२) को खण्ड (ख) तथा लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोगले यो आचारसंहिता बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो आचारसंहिताको नाम "लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी विषय विज्ञ वा दक्षको आचारसंहिता, २०८३" रहेको छ।

(२) यो आचारसंहिता लोक सेवा आयोगबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोगलाई सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले आयोगमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ। सो शब्दले यस आचारसंहिताको प्रयोजनका लागि आयोगमा करार वा ज्यालादारीमा कार्यरत कर्मचारी तथा आयोगको काममा खटिएका अन्य निकायका कर्मचारी वा व्यक्ति समेतलाई जनाउँछ।

(ग) "नजिकको नातेदार" भन्नाले कुनै व्यक्तिको बाबु-आमा, सासु-ससुरा, पति, पत्नी, छोरा-बुहारी, छोरी-ज्वाई, दाजु-भाउजू, भाई-बुहारी, दिदी-भिनाजु, बहिनी-ज्वाई, जेठाजु-जेठानी, देवर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानीआमा-सानोबुबा, भतिजा, भतिजी, भाञ्जा, भाञ्जी, मामा-माइजु, फुपु-फुपाजू, जेठान, जेठी सासु, साला, साली, साढुदाई, साढुभाई र तिनका छोराछोरी सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष र सदस्यलाई सम्झनु पर्छ।

(ङ) “विषय विज्ञ वा दक्ष” भन्नाले आयोगबाट सञ्चालन हुने परीक्षा सम्बन्धी काममा संलग्न हुने आयोगले तोकेको सम्बन्धित विषयको ज्ञान वा अनुभव भएको विषय विज्ञ वा दक्ष सम्झनु पर्छ र सो शब्दले त्यस्तो विषयको ज्ञान वा अनुभव भएको आयोगको पदाधिकारी वा कर्मचारीलाई समेत जनाउँछ।

(च) “सेवा आयोग” भन्नाले प्रचलित कानून बमोजिम विश्वविद्यालय, प्रतिष्ठान् वा यस्तै प्रकृतिको अन्य सङ्गठित संस्थामा पदपूर्ति सम्बन्धी कार्य गर्न गठित सेवा आयोग सम्झनु पर्छ।

## परिच्छेद-२

## आचारसंहिताको पालना

३. **आचारसंहिता लागू हुने पदाधिकारी र व्यक्तिः** यो आचारसंहिता देहायका पदाधिकारी र व्यक्तिलाई लागू हुनेछः-

(क) पदाधिकारी,

(ख) कर्मचारी,

(ग) विषय विज्ञ वा दक्ष,

(घ) आयोगद्वारा खास कामका लागि नियुक्त वा मनोनित व्यक्ति, संस्था, विशेषज्ञ र सल्लाहकार ।

४. **कच्चा प्रश्नपत्र निर्माण गर्ने विषय विज्ञ वा दक्षले पालना गर्नु पर्ने आचरण:** कच्चा प्रश्नपत्र निर्माण गर्ने विषय विज्ञ वा दक्षले देहायका कार्यहरू गर्नु हुँदैनः-

(क) प्रश्नपत्र निर्माण गरेको कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्त गर्न,

(ख) आफूले निर्माण गरेको प्रश्नपत्रको प्रतिलिपि वा विद्युतीय प्रति पुनः प्रयोग गर्न मिल्ने गरी राख्न,

(ग) परीक्षामा आफ्नो नजिकको नातेदार भएका व्यक्ति उम्मेदवार हुने वा रहेको व्यहोरा जानकारी हुन आएमा प्रश्नपत्र निर्माण गर्न,

(घ) आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन वा संयोजन वा अध्यापन कार्यमा संलग्न हुन,

(ङ) आफ्नो विषय वा विज्ञताको क्षेत्रभन्दा फरक विषयको प्रश्न निर्माण गर्न,

(च) प्रश्नपत्र निर्माणका सम्बन्धमा दिइएको निर्देशनभन्दा फरक किसिमले प्रश्नपत्र निर्माण गर्न,

(छ) प्रश्नपत्र निर्माण गर्दा दोहोरो अर्थ लाग्ने वा नबुझिने गरी निर्माण गर्न,

(ज) मुलुकको सार्वभौमसत्ता तथा भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधिनता वा विभिन्न जात, जाति, धर्म सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने खालका विषय प्रश्नपत्रमा समावेश गर्न,

(झ) कुनै सार्वजनिक निकायको मर्यादामा आँच पुग्ने गरी प्रश्नपत्र निर्माण गर्न,

(ञ) आफूले तयार गरेको प्रश्नपत्र सिलबन्दी नगरी बुझाउन,

(ट) प्रश्नपत्र निर्माण गर्न प्रदान गरिएको गोप्य सिलबन्दी खाम कसैले देख्ने गरी ल्याउन वा लैजान,

(ठ) पर्याप्त गोपनियता कायम नगरी प्रश्नपत्र सम्बन्धी गोप्य सिलबन्दी खाम अरू कसैमार्फत पठाउन,

(ड) प्रश्नपत्र निर्माणका सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा उपलब्ध गराइएको संकेत नम्बर बाहेक अन्य पहिचान खुल्ने गरी सम्बन्धित कर्मचारीसँग कुरा गर्न वा अन्य व्यक्तिसँग सम्पर्क गर्न,

(ढ) प्रश्नपत्र निर्माण गर्न असमर्थ हुने भएमा सोको ढिलो गरी जानकारी गराउन,

(ण) आफूले निर्माण गरेको प्रश्नपत्रको सम्बन्धमा जवाफदेहिताबाट पन्छिन।

५. **प्रश्नपत्र परिमार्जन गर्ने विषय विज्ञ वा दक्षले पालना गर्नु पर्ने आचरणः** प्रश्नपत्र परिमार्जन गर्ने विषय विज्ञ वा दक्षले देहायका कार्यहरू गर्नु हुँदैनः-

(क) प्रश्नपत्र परिमार्जन गरेको कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्त गर्न,

(ख) आफूले परिमार्जन गरेको प्रश्नपत्रको प्रतिलिपि वा विद्युतीयप्रति बनाउन वा आफूसँग राख्न,

(ग) परीक्षामा आफ्नो नजिकको नातेदार भएका व्यक्ति उम्मेदवार हुने वा रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा प्रश्नपत्र परिमार्जन गर्न,

(घ) आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन वा संयोजन वा अध्यापन कार्यमा संलग्न हुन,

(ङ) प्रश्नपत्र परिमार्जनको समयमा आफ्नो मोवाइल वा ल्यापटप वा कुनै विद्युतीय सामाग्री आफ्नो साथमा राख्न,

(च) आफ्नो विषय वा विज्ञताको क्षेत्रभन्दा फरक विषयको प्रश्नपत्र परिमार्जन गर्न,

(छ) पाठ्यक्रम र निर्धारित शैक्षिक योग्यताको स्तर अनुसार ज्ञान, सीप र क्षमता लगायतका विषय मापन गर्न नसकिने गरी प्रश्नपत्र परिमार्जन गर्न,

(ज) दिइएको निर्देशनभन्दा फरक किसिमले प्रश्नपत्र परिमार्जन गर्न,

(झ) मुलुकको सार्वभौमसत्ता तथा भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधिनता वा विभिन्न जात, जाति, धर्म सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने खालका विषय प्रश्नपत्रमा समावेश गर्न,

(ञ) कुनै सार्वजनिक निकायको मर्यादामा आँच पुग्ने गरी प्रश्नपत्र परिमार्जन गर्न,

(ट) परिमार्जित प्रश्नपत्रको सम्बन्धमा जवाफदेहिताबाट पन्छिन ।

६. <u>उत्तरपुस्तिका परीक्षण गर्ने विषय विज्ञ वा दक्षले पालना गर्नुपर्ने आचरण:</u> उत्तरपुस्तिका परीक्षण गर्ने विषय विज्ञ वा दक्षले देहायका कार्यहरू गर्नु हुँदैनः-

(क) उत्तरपुस्तिका परीक्षण गर्ने वा गरेको कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्त गर्न,

(ख) परीक्षामा आफ्नो नजिकको नातेदार भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा उत्तरपुस्तिका परीक्षण गर्न,

(ग) उत्तरपुस्तिका परीक्षण गर्दा प्रदान गरिएको अङ्क कहीं कतै व्यक्त गर्न,

(घ) आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन वा संयोजन वा अध्यापन कार्यमा संलग्न हुन,

(ङ) आयोगले दिएको निर्देशन वा तोकिएको उत्तरपुस्तिकाको ढाँचा र शर्तको विपरीत हुने गरी उत्तरपुस्तिका परीक्षण गर्न,

(च) उत्तरपुस्तिकामा कुनै कैफियत देखिएमा सोको जानकारी सम्बन्धित शाखालाई नगराई परीक्षण गर्न,

(छ) आफ्नो विषय विज्ञताको क्षेत्रभन्दा फरक विषयको उत्तरपुस्तिका परीक्षण गर्न,

(ज) उत्तरपुस्तिका परीक्षणका सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा उपलब्ध गराइएको संकेत नम्बर बाहेक अन्य पहिचानको आधारमा सम्बन्धित कर्मचारीसँग कुरा गर्न वा अन्य व्यक्तिसँग सम्पर्क गर्न,

(झ) आफूले परीक्षण गरेको उत्तरपुस्तिकाको सम्बन्धमा जवाफदेहिताबाट पन्छिन ।

७. <u>**अन्तर्वार्ता वा अन्य परीक्षामा संलग्न हुने विषय विज्ञ वा दक्ष वा मूल्याङ्कनकर्ताले पालना गर्नुपर्ने आचरण:**</u> आयोगबाट सञ्चालन हुने अन्तर्वार्ता वा अन्य परीक्षामा संलग्न हुने विषय विज्ञ वा दक्ष वा मूल्याङ्कनकर्ताले देहायको कार्यहरू गर्नु हुँदैनः-

(क) नजिकको नातेदार भएका व्यक्ति उम्मेदवार भएमा विषय विज्ञ वा दक्ष वा मूल्याङ्कनकर्ताको रूपमा बस्न,

(ख) अन्तर्वार्ता वा अन्य परीक्षामा आफू संलग्न हुने वा भएको कुरा कहीं कतै व्यक्त गर्न,

(ग) अन्तर्वार्ता वा अन्य परीक्षामा प्रदान गरेको अङ्क कहीं कतै व्यक्त गर्न,

(घ) अन्तर्वार्ता वा अन्य परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन वा संयोजन वा अध्यापन कार्यमा संलग्न हुन,

(ङ) आफ्नो विषय वा विज्ञताको क्षेत्रभन्दा फरक विषयको विषयविज्ञ वा दक्षको रूपमा बस्न,

(च) मूल्याङ्कनको क्रममा गरिएका खेस्रा तथा विद्युतीय प्रति आफूसँग राख्न वा सार्वजनिक गर्न,

(छ) आफूले गरेको मूल्याङ्कनको गोपनियता भङ्ग गर्न,

(ज) आयोगको अनुमति बिना अन्तर्वार्ता तथा मूल्याङ्कनको समयमा मोवाइल वा विद्युतीय उपकरण प्रयोग गर्न, फोटो तथा भिडियो खिच्न र आवाज रेकर्ड गर्न ।

८. **<u>बढुवा समितिमा तोकिएका विशेषज्ञले पालना गर्नुपर्ने आचरणः</u>** आयोगबाट बढुवा समितिमा मनोनयन गरिएका वा तोकिएका विशेषज्ञले देहायका कार्यहरू गर्नु हुँदैनः-

(क) बढुवा समितिको बैठकमा भाग लिने विषय व्यक्त गर्न,

(ख) बढुवा समितिको बैठकमा छलफल भएका विषय अन्यत्र व्यक्त गर्न,

(ग) उम्मेदवारले कार्यसम्पादन मूल्याङ्कन लगायतका गोप्य राख्नु पर्ने विषय बापत प्राप्त गरेको अङ्क अन्यत्र व्यक्त गर्न,

(घ) नजिकको नातेदार भएका व्यक्ति उम्मेदवार भएमा सो विज्ञापनको बढुवा प्रक्रियामा संलग्न हुन,

(ङ) आफ्नो विषय वा विज्ञताको क्षेत्रभन्दा फरक विषयको विशेषज्ञको रूपमा बढुवा समितिमा बस्न।

९. **<u>सेवा आयोग वा पदपूर्ति वा छनौट वा सिफारिस समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा कर्मचारीले पालना गर्नुपर्ने आचरणः</u>** सेवा आयोग, सुरक्षा निकाय, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्ति वा छनौट वा सिफारिस समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा कर्मचारीले देहायको कार्यहरू गर्नु हुँदैनः-

(क) नजिकको नातेदार भएका व्यक्ति उम्मेदवार भएमा सो विज्ञापनको पदपूर्ति सम्बन्धी कार्यमा संलग्न हुन,

(ख) आयोगको सामान्य सिद्धान्त, मूल्य-मान्यता तथा निर्णयको विपरीत हुने गरी कुनै कार्य गर्न,

(ग) आफूले प्रतिनिधित्व गर्ने संस्थाको परीक्षाको प्रश्नपत्र निर्माण, परिमार्जन र उत्तरपुस्तिका परीक्षण गर्न,

(घ) दान, दातव्य, ऋण, आर्थिक वा भौतिक लाभ, उपहार वा कोसेली ग्रहण गर्न वा स्वीकार गर्न वा अन्य कुनै सुविधा लिन वा दिलाउन।

१०. **<u>आयोगबाट अवकास प्राप्त वा सरूवा वा बढुवा वा अन्य कुनै कारणले अलग भएका पदाधिकारी वा कर्मचारीले पालन गर्नुपर्ने आचरणः</u>** आयोगमा कार्यरत रही आयोगबाट अवकास वा सरूवा वा बढुवा वा अन्य कारणले आयोगबाट अलग भएका पदाधिकारी वा कर्मचारीले देहायको कार्यहरू गर्नु हुँदैनः-

(क) आयोगको काम कारवाही प्रति नकारात्मक टीका टिप्पणी वा आयोग प्रतिको जनविश्वास कमजोर पार्ने खालका कुनैपनि कार्य गर्न,

(ख) कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट कहि कतै व्यक्त गर्न,

(ग) आयोगबाट अलग भएको मितिले एक वर्षसम्म आयोगबाट सञ्चालन हुने परीक्षाको तयारी कक्षा सञ्चालन वा संयोजन वा अध्यापन कार्यमा संलग्न हुन,

(घ) जुनसुकै कारणबाट अलग भएको पदाधिकारी वा कर्मचारीले आयोगको कामबाट अलग भएपछि आयोगसँग सम्बन्धित परिचयपत्र, कागजात, पासवर्ड, नगदी तथा जिन्सी सामाग्रीहरू आफूसाथ राख्न।

## परिच्छेद-३

## सदाचार र अनुशासन सम्बन्धी आचरण

**११. <u>सदाचार र अनुशासन सम्बन्धी आचरणः</u>** (१) पदाधिकारी वा कर्मचारी वा विषय विज्ञ वा दक्षले देहायका कार्यहरू गर्नु हुँदैनः-

(क) कानून बमोजिम फछ्र्यौट गर्नुपर्ने वा तिर्नु वा बुझाउनु पर्ने रकम, कर, दस्तुर, दण्ड जरिवाना वा महशुल बाँकी वक्यौता राख्न,

(ख) आयोगको सिद्धान्त, मूल्य एवम् मान्यता विपरित कार्य गर्न,

(ग) पदीय कर्तव्य पालना गर्दा पूर्वाग्रही तवरले काम गर्न र गोपनियता भङ्ग गर्न,

(घ) आयोगको सिद्धान्त, मूल्य एवम् मान्यता विपरित कुनै कार्य भएको वा हुन लागेको छ भन्ने जानकारी प्राप्त हुन आएमा आयोगलाई त्यसको जानकारी नदिई अग्रिम कामकारवाही गर्न,

(ङ) सरकारी प्रतिक चिन्ह, छाप, इमेल, पासवर्ड, साँचो, सिल लगायतका कुराहरूको दुरूपयोग गर्न ।

(२) आयोगका पदाधिकारी एवम् कर्मचारीले देहायका कार्यहरू गर्न बाधा पुऱ्याएको मानिनेछैनः

(क) आयोगको काम कारवाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी आफूले विशेषज्ञता हासिल गरेको विषयमा परामर्श वा प्रवचन दिन तथा अध्ययन, अध्यापन, लेखन, अनुसन्धान, प्रकाशन तथा प्रसारण गर्न,

(ख) साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी र पेशागत एवम् सामाजिक संस्थाहरूमा सहभागी हुन,

(ग) राजनैतिक रूपमा तटस्थ पेशागत संघ संस्थाहरूले आयोजना गरेको सभा, गोष्ठी आदिमा कार्यालयको काममा बाधा नपर्ने गरी सहभागी हुन,

(घ) सार्वजनिक रूपमा जारी भएको ऋणपत्र, बचतपत्र, शेयर खरीद बिक्री गर्न वा लाभांश लिन,

(ङ) सार्वजनिक रूपमा खुला गरिएको र प्रचलित कानूनले रोक नलगाइएको कुनै प्रतिस्पर्धामा सहभागी भै पुरस्कार, पदक, प्रमाणपत्र एवम् सम्मान ग्रहण गर्न।

१२. **निषेधित कार्यः** पदाधिकारी एवम् कर्मचारीले देहायका कार्यहरू गर्न हुँदैनः-

(क) आयोगको सहमति वेगर आयोगको तर्फबाट कुनै प्रकारको प्रतिबद्धता वा प्रतिज्ञा गर्न,

(ख) कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्त गर्न,

(ग) नजिकको नातेदारसँग सम्बन्धित कुनै काम गराउन वा नगराउन आफू कार्यरत वा अन्य निकायका पदाधिकारीलाई दवाव दिन वा अनुचित प्रभाव पार्न,

(घ) पदाधिकारी वा कर्मचारीले सम्पादन गर्ने वा गरिरहेका गोप्य राख्नु पर्ने काम कारवाहीका विषयमा अनावश्यक रूपमा खोजिनीति गर्न वा चासो लिन,

(ङ) आग्रह, पूर्वाग्रह, लोभ, लालच, दवावमा परी वा पारी कुनै कार्य गर्न गराउन।

१३. **उपहार तथा कोसेली ग्रहण गर्न नहुनेः** पदाधिकारी एवम् कर्मचारीले आफैंले वा नजिकका नातेदार मार्फत वा कुनै परिक्षार्थी वा निजका आफन्त वा अन्य कुनै व्यक्तिमार्फत आयोगसँग आर्थिक कारोवार गरिरहेको वा आयोगबाट सम्पादन हुने कार्यसँग सम्बन्धित कुनै व्यक्ति वा संस्थाबाट कुनै दान, दातव्य, ऋण, आर्थिक वा भौतिक लाभ, उपहार वा कोसेली ग्रहण गर्न वा स्वीकार गर्न हुँदैन।

१४. **पदको दुरूपयोग गर्न नहुनेः** पदाधिकारी एवम् कर्मचारीले पदको दुरूपयोग हुने गरी देहायका कार्यहरू गर्न हुँदैनः-

(क) आफ्नो ओहोदा एवम् अख्तियारी आफू वा आफ्नो परिवार वा कसैको अनुचित लाभ वा हानी पुग्ने गरी प्रयोग गर्न,

(ख) आयोगको सम्पत्ति वा सुविधा कार्यालय प्रयोजनको लागि वा आफ्नो पदीय हैसियतलाई सुहाउँदो किसिमले बाहेक अन्य व्यक्तिगत काममा प्रयोग गर्न,

(ग) कार्यालय समयलाई आफ्नो व्यक्तिगत कार्यमा प्रयोग गर्न,

(घ) आफ्नो वा आफ्नो परिवारका सदस्यको वा अरू कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतलाई प्रयोग गर्न,

(ङ) पदीय हैसियतमा प्राप्त गरेको हक, अधिकार, सुविधा वा सहुलियतको दुरूपयोग गर्न,

(च) कार्यालयको प्रयोजनको लागि रहेका मेशिनरी यन्त्र,उपकरण वा अन्य सेवा तथा सुविधाहरू अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना कार्यालयबाट अन्यत्र लैजान तथा अन्य व्यक्तिलाई प्रयोग गर्न दिन ।

१५. <u>**गैरसरकारी संघ संस्थाको पदाधिकारी हुन तथा अन्यत्रको रोजगारी स्वीकार गर्न नहुनेः**</u> पदाधिकारी एवम् कर्मचारीले देहायका कार्यहरू गर्न हुँदैनः-

(क) कुनै गैरसरकारी संघ संस्थाको पदाधिकारी हुन वा सल्लाहकारको भूमिका निर्वाह गर्न वा त्यस्तो संस्थाको अन्य कृयाकलापमा संलग्न हुन,

(ख) प्रचलित कानूनबमोजिम बाहेक भौतिक रूपमा वा विद्युतीय वा अन्य कुनै पनि माध्यमबाट बाह्य रोजगारी स्वीकार गर्न,

(ग) कुनै राजनैतिक दल वा त्यस्तो दलसँग आवद्ध कुनै संघसंस्थाको सदस्यता ग्रहण गर्न।

१६. <u>**नजिकको नातेदार भएका व्यक्ति संलग्न रहेको विषयका सम्बन्धमाः**</u> (१) पदाधिकारी एवम् कर्मचारीले आफ्नो नजिकको नातेदार भएका व्यक्ति आयोगको परीक्षामा उम्मेदवार भएको वा उम्मेदवार हुने भएमा पदपूर्ति सम्बन्धी देहायको कार्य वा निर्णय प्रकृयामा संलग्न हुन वा त्यस्तो कार्यसँग सम्बन्धित शाखामा खटिन हुँदैनः-

(क) सो विज्ञापनको लिखित, अन्तर्वार्ता, प्रयोगात्मक वा अन्य परीक्षामा संलग्न हुन,

(ख) परीक्षा केन्द्रमा जानीजानी खटिन,

(ग) परीक्षाको उत्तरपुस्तिकामा संकेत नम्बर राख्ने कार्यमा संलग्न हुन,

(घ) परीक्षाको प्रश्नपत्र निर्माण,परिमार्जन, छपाई र उत्तरपुस्तिका परीक्षण गर्न,

(ङ) कोडिङ वा डिकोडिङ्ग, नतिजा तयारी र नतिजा प्रकाशन गर्ने कार्यमा संलग्न हुन,

(च) केन्द्रीय प्रतिनिधिको रूपमा खटिन,

(छ) कुनै परीक्षामा आफ्नो नजिकको नातेदार रहेको व्यक्ति उम्मेदवार रहेको जानकारी पाएको अवस्थामा वा निष्पक्षता र गोपनीयता कायम गर्नु पर्ने कुनै कार्यमा संलग्न हुँदै जाँदा नजिकको नातेदार देखिन आएमा सोको जानकारी पदाधिकारीले आयोगसमक्ष, सचिवले आयोगको अध्यक्षसमक्ष र कर्मचारीले सचिवसमक्ष लिखित रूपमा जानकारी गराई त्यस्तो कार्यबाट अलग हुनु पर्नेछ।

१७. **<u>सूचना दिन वा सूचनाको दुरूपयोग गर्न नहुने:</u>** गोप्य राख्नुपर्ने तथ्याङ्क वा सूचना वा उम्मेदवारको वैयक्तिक विवरण अनधिकृत रूपमा कसैलाई उपलव्ध गराउनु हुँदैन।

## परिच्छेद ४

## <u>योग्यता, निष्पक्षता, स्वच्छता र गोपनियता सम्बन्धी</u>

१८. **<u>योग्यता, निष्पक्षता, स्वच्छता र गोपनियता सम्बन्धी आचरणहरू:</u>** पदाधिकारी एवम् कर्मचारीले आयोगले अवलम्बन गरेको योग्यता, निष्पक्षता, स्वच्छता र गोपनियतालाई कायम राख्न देहायबमोजिमको कार्य गर्नु हुँदैनः-

(क) आयोगको संस्थागत एवम् कार्यगत स्वतन्त्रता तथा योग्यता, निष्पक्षता, स्वच्छता र गोपनियतामा खलल पार्न,

(ख) आयोगको कार्यसम्पादन गर्दा वा पदीय कर्तव्य तथा दायित्व निर्वाह गर्दा प्रत्यक्ष वा परोक्षरूपमा आउन सक्ने वाह्य वा आन्तरिक दबाव, प्रभाव, प्रलोभन, भनसुन, धम्की, आग्रह पूर्वाग्रह आदिबाट प्रेरित वा प्रभावित हुन,

(ग) प्रचलित कानून विपरित हुने गरी कुनै प्रकारको हस्तक्षेप गर्न वा अनुचित प्रभाव पार्न वा दबाब दिन,

(घ) कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह राख्न,

(ङ) राष्ट्र र जनताको वृहत्तर हित विपरितको कार्य गर्न,

(च) सेवाग्राहीहरू प्रति र एक-आपसमा समेत अपमानजनक र अमानवीय व्यवहार गर्न,

(छ) आयोगको विश्वसनीयतामा खलल पुग्ने गरी जानाजान कुनै प्रकारको नकारात्मक टिकाटिप्पणी गर्न वा अभिव्यक्ति दिन,

(ज) कार्य सम्पादनका क्रममा कसैप्रति असमान वा भेदभावजन्य वा पक्षपात एवम् पूर्वाग्रहपूर्ण व्यवहार गर्न,

**१९. <u>गोप्य कार्यमा संलग्नता सम्बन्धीः</u>** देहाय बमोजिमको गोप्य कार्यमा प्रत्यक्ष संलग्न पदाधिकारी तथा कर्मचारीले देहाय बमोजिमको कार्य गर्नु हुँदैनः-

(क) **<u>कच्चा प्रश्नपत्र सम्बन्धी</u>**

(१) नजिकको नातेदार परीक्षार्थी भएमा सो सम्बन्धी कार्यमा संलग्न हुन,

(२) सिलबन्दी नभई आएको खाम बुझिलिन,

(३) उपलव्ध गराइएको संकेत नम्बर बाहेक अन्य पहिचान खुल्ने गरी फोन वा सामाजिक सञ्चालको माध्यमबाट कुराकानी गर्न,

(४) अनधिकृत ढङ्गले प्रश्नसँग सम्बन्धित विषय सामाजिक सञ्जालमा पठाउन,

(५) कार्यसम्पादनका सिलसिलामा तयार भएका अभिलेख वा खेस्रा अन्य व्यक्तिको पहुँच पुग्ने गरी राख्न,

(६) गोप्य काम हुने वा भइरहेको कुनै शाखामा जाने आउने वा त्यस्ता कामको चासो लिन,

(७) दोहोरो साँचो (double lock)को व्यवस्था नगरी तथा जिम्मेवारी नतोकी प्रश्नको भण्डार गर्न,

(८) कार्यसम्पादन स्थलमा अनधिकृत व्यक्तिको प्रवेश दिन,

(ख) **<u>प्रश्नपत्र परिमार्जन सम्बन्धीः</u>**

(१) नजिकको नातेदार परीक्षार्थी भएमा सो सम्बन्धी कार्यमा संलग्न हुन,

(२) भाषिक शुद्धता तथा गोपनियता कायम नगरी परिमार्जित प्रश्नपत्र तयार गर्न,

(३) विषय विज्ञ वा दक्षबाट परिमार्जन गरिएको प्रश्नपत्र सिलबन्दी नगरी बुझिलिन,

(४) अनुमति बेगर इन्टरनेट, मोवाइल वा अन्य विद्युतीय उपकरण प्रयोग गर्न,

(५) अनधिकृत ढङ्गले प्रश्नसँग सम्बन्धित विषय सामाजिक सञ्जालमा पठाउन,

(६) कार्यसम्पादनका सिलसिलामा तयार भएका अभिलेख वा खेस्रा अन्य व्यक्तिको पहुँच पुग्ने गरी राख्न,

(७) अनुमति बेगर प्रश्नपत्र परिमार्जनको काम भइरहेको समयमा कार्यालय बाहिर जान तथा अन्य व्यक्तिसँग कुराकानी गर्न,

(८) गोप्य काम हुने वा भइरहेको कुनै शाखामा जाने आउने वा त्यस्ता कामको चासो लिन,

(९) दोहोरो साँचो (double lock)को व्यवस्था नगरी तथा जिम्मेवारी नतोकी प्रश्नको भण्डार गर्न,

(१०) कार्यसम्पादन स्थलमा अनधिकृत व्यक्तिको प्रवेश दिन,

(ग) **<u>प्रश्नपत्र छपाई सम्बन्धीः</u>**

(१) नजिकको नातेदार परीक्षार्थी भएमा सो सम्बन्धी कार्यमा संलग्न हुन,

(२) प्रश्नपत्र छपाई पूर्व सिलछाप चेक जाँच र मुचुल्का नगरी सिलबन्दी खाम खोल्न,

(३) प्रश्नपत्रको छपाई पश्चात् सिलबन्दी नगरी राख्न,

(४) छपाईको समयमा इन्टरनेट, मोवाइल वा अन्य विद्युतीय उपकरण प्रयोग गर्न,

(५) प्रश्नपत्रसँग सम्बन्धित विषय सामाजिक सञ्जालमा पठाउन वा कुराकानी गर्न,

(६) कार्यसम्पादनका सिलसिलामा तयार भएका अभिलेख वा खेस्रा अन्य व्यक्तिको पहुँच पुग्ने गरी राख्न,

(७) छपाईको समयमा प्रश्नको गुरू प्रति (Master copy) मा सबै प्रश्न नछापिएको वा नबुझिने भएको वा अन्य कुनै समस्या देखिएमा तुरून्त परिमार्जन शाखामा जानकारी नगराई छपाई गर्न,

(८) छपाई पश्चात् प्रश्नपत्रको प्रति फोटोकपी मेसिनमा रहे नरहेको वा फोटोकपी मेसिनको छपाई कमाण्ड रद्द भए नभएको यकिन नगरी मेसिन बन्द गर्न,

(९) अनुमति बेगर प्रश्नपत्र छपाईको काम सुरू भई परीक्षा समाप्त नहुँदासम्म कार्यालय बाहिर जान तथा अन्य व्यक्तिसँग कुराकानी गर्न, एक्लाएक्लै हिँडडुल गर्न वा बस्न,

(१०) गोप्य काम हुने वा भइरहेको कुनै शाखामा जाने आउने वा त्यस्ता कामको चासो लिन,

(११) दोहोरो साँचो (double lock)को व्यवस्था नगरी तथा जिम्मेवारी नतोकी प्रश्नको भण्डार गर्न,

(१२) कार्यसम्पादन स्थलमा अनधिकृत व्यक्तिको प्रवेश दिन,

(घ) **<u>परीक्षा सञ्चालन सम्बन्धीः</u>**

(१) नजिकको नातेदार परीक्षार्थी भएमा सो सम्बन्धी कार्यमा संलग्न हुन,

(२) परीक्षाको मर्यादा विपरित कार्य गर्न,

(३) अमर्यादित पोशाकमा उपस्थित हुन,

(४) अनुमति बिना इन्टरनेट, मोवाइल वा अन्य विद्युतीय उपकरण प्रयोग गर्न,

(५) परीक्षार्थी तथा परीक्षामा खटिएका कर्मचारीसँग अमर्यादित ढंगले प्रस्तुत हुन,

(६) सिलछाप चेक जाँच र मुचुल्का नगरी प्रश्नपत्रको सिलबन्दी खाम खोल्न,

(७) प्रश्नपत्रसँग सम्बन्धित विषय सामाजिक सञ्जालमा पठाउन वा कुराकानी गर्न,

(८) परीक्षा सञ्चालनका सिलसिलामा बाँकी रहेका उत्तरपुस्तिका, तयार भएका अभिलेख वा खेस्रा अन्य व्यक्तिको पहुँच पुग्ने गरी राख्न,

(९) प्रश्नपत्रमा सबै प्रश्न नछापिएको वा नबुझिने भएको वा अन्य कुनै समस्या देखिएमा तुरून्त परिमार्जन शाखामा जानकारी नगराई परीक्षा सञ्चालन गर्न,

(१०) परीक्षा केन्द्रमा अनधिकृत व्यक्तिको प्रवेश दिन,

(११) मुचुल्का तथा सिलबन्दी नगरी उत्तरपुस्तिका बुझाउन,

(ङ) **<u>उत्तरपुस्तिकाको कोडिङ्ग डिकोडिङ्ग सम्बन्धीः</u>**

(१) नजिकको नातेदार परीक्षार्थी भएमा सो सम्बन्धी कार्यमा संलग्न हुन,

(२) प्रथम कोडिङ्गमा बसेको कर्मचारीले द्वितीय कोडिङ्गमा संलग्न हुन,

(३) कोडिङ्ग डिकोडिङ्ग कार्यमा खटिएको व्यहोरा कतै व्यक्त गर्न,

(४) उत्तरपुस्तिकामा लेखिएका कुरा पढ्न, सो सम्बन्धी कुरा गर्न तथा फोटो खिच्न,

(५) कोडिङ्ग डिकोडिङ्गका सिलसिलामा तयार भएका अभिलेख वा खेस्रा अन्य व्यक्तिको पहुँच पुग्ने गरी राख्न,

(६) उत्तरपुस्तिकामा कुनै कैफियत देखिएमा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्यलाई जानकारी नगराई अग्रिम कामकारवाही गर्न,

(७) कोडिङ्ग गर्ने स्थानमा अनधिकृत व्यक्तिको प्रवेश दिन,

(८) कोडिङ्ग कार्यमा कम्तीमा दुईजना संलग्न नभई कार्य प्रारम्भ गर्न,

(९) दोहोरो साँचो (double lock) को व्यवस्था नगरी तथा जिम्मेवारी नतोकी उत्तरपुस्तिका राखिएको कोठा खोल्न वा बन्द गर्न,

(च) **<u>विषय विज्ञ वा दक्ष छनौट सम्बन्धीः</u>**

(१) सम्बन्धित विषय वा क्षेत्रको विज्ञ हो वा होइन भन्ने यकिन नगरी विषय विज्ञ वा दक्षको रूपमा छनौटको लागि पेश गर्न वा मनोनयन गर्न,

(२) आफ्नो नजिकको नातेदार आयोगले सञ्चालन गर्ने परीक्षामा उम्मेदवार भएको वा हुन सक्ने अवस्था रहेछ भने विषय विज्ञ वा दक्ष छनोट सम्बन्धी कार्यमा संलग्न हुन,

(३) विषय विज्ञ वा दक्षको रोष्टरमा सूचीकृत भएको र हुन सक्ने विज्ञता हासिल गरेको व्यक्ति बाहेक अन्यलाई विषय विज्ञ वा दक्षको रूपमा छनौटको लागि पेश गर्न वा मनोनयन गर्न,

(४) विषय विज्ञ वा दक्षको रूपमा मनोनयनको लागि पेश भएका तथा मनोनयन भएका दक्ष विज्ञको विवरण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कहि कतै व्यक्त गर्न, र

(५) कुनै व्यक्ति वा निकायबाट विषय विज्ञ वा दक्षको विवरण माग भएको अवस्थामा समेत आयोगको स्वीकृत वेगर विषय विज्ञ वा दक्षको रोष्टरमा सूचीकृत भएका विज्ञहरूको विवरण उपलव्ध गराउन।

(छ) **<u>सूचना तथा गोप्य काम कारवाही सम्बन्धीः</u>**

(१) कानून बमोजिम प्रवाह गर्नुपर्ने सूचना बाहेक आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित लिखत तथा कागजात, गोप्य कामकारवाही तथा सूचना आयोगको अनुमति वा अदालतको आदेश बेगर लिखित वा मौखिक वा विद्युतीय वा अन्य कुनै माध्यमबाट पनि आफ्नो वा अन्य नामबाट वा कसैमार्फत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्त गर्न, प्रकाशन तथा प्रसारण गर्न वा सामाजिक सञ्जालमा प्रेषित गर्न,

(२) आयोगबाट प्रकाशित तथा अप्रकाशित सूचना तथा जानकारीका सम्बन्धमा आयोगको अनुमति प्राप्त व्यक्तिले बाहेक अन्यले आमसञ्चार माध्यममा अन्तर्वार्ता दिन वा समाचार उपलव्ध गराउन,

(३) आफूलाई पूर्ण रूपमा जानकारी नभएको विषयमा आम रूपमा गलत सन्देश जाने गरी कुनै कुरा व्यक्त गर्न,

(ज) **<u>केन्द्रीय प्रतिनिधिका रूपमा खटिने कार्यः</u>**

(१) आफ्नो नजिकको नातेदार उम्मेद्वार भएमा खटिन,

(२) आफ्नो नजिकको नातेदार कार्यालय प्रमुख भएको कार्यालयमा खटिन,

(३) केन्द्रीय प्रतिनिधिमा खटिएको विषय कहिँकतै व्यक्त गर्न र सो सम्बन्धी कुनै जानकारी फोटो वा भिडियो सामाजिक सञ्जालमा शेयर गर्न,

(४) कार्यालयमा शुरू गरिएको गोप्य कार्य सम्पन्न नभएसम्म कार्यालय बाहिर जान,

(५) आफू जिम्मा भएको गोप्य कागजात आफू र अधिकार प्राप्त अधिकारी बाहेक अन्य व्यक्तिको पहुँचमा राख्न ।

## परिच्छेद ५

## विविध

२०. **<u>आचारसंहिताको अनुगमनः</u>** (१) यस आचारसंहिताको पालना भए नभएको सम्बन्धमा देहाय बमोजिमका पदाधिकारीबाट अनुगमन गरिनेछः-

(क) आयोगको अध्यक्षको हकमा आयोगबाट,

(ख) आयोगको सदस्य वा सचिवको हकमा अध्यक्षबाट,

(ग) अन्य कर्मचारीको हकमा आयोगका सचिवबाट।

२१. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** (१) यस आचारसंहितामा उल्लेख भएका व्यवस्थाहरू कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा आयोगले प्रचलित ऐन, नियम तथा निर्देशिकाको मर्म र भावनाको प्रतिकूल नहुने गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२२. **<u>खारेजी र बचाउः</u>** (१) लोक सेवा आयोगका पदाधिकारी एवम् दक्ष/विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०६९ खारेज गरिएको छ।

(२) लोक सेवा आयोगका पदाधिकारी एवम् दक्ष/विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०६९ बमोजिम भए गरेका काम कारवाही यसै आचारसंहिता बमोजिम भए गरेको मानिनेछ।